कृपा
राष्ट्रिय दैनिक
e-kripa.com

बर्ष २३, अंक-२०६ बारा, २०८३ भदौ ३१ गते बुधबार / पञ्चमी / नेपाल संवत् ११४६ / Wednesday, September 16 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच

# बाराका ६ पालिकामा प्रमुख प्रशासकीय अधिकृत हेरफेर




कलैया,३० भदौ/भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हिजो बारा जिल्लाका ६ वटा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतसहित ५२ जना शाखा अधिकृतहरूको सरुवा गरेको छ

मन्त्रालयले बारामा कार्यरत अधिकृतहरूलाई अन्य निकायमा पठाइएको छ भने अन्य पालिका तथा मन्त्रालयबाट नयाँ प्रशासकीय अधिकृतहरूलाई बाराका स्थानीय तहमा जिम्मेवारी दिइएको छ । विश्रामपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुनिलप्रसाद केशरीलाई पर्साको जगरनाथपुर गाउँपालिका पठाइएको छ भने जगरनाथपुरका सन्देश कुमार यादवलाई विश्रामपुर गाउँपालिकामा ल्याइएको छ। करैयामाई गाउँपालिकाका नागेन्द्र यादवलाई भूमि व्यवस्थापन तथा अभिलेख विभाग काठमाडौं सरुवा गरी उनको ठाउँमा महोत्तरीको भँगाहा नगरपालिकाका रमेश अधिकारीलाई खटाइएको छ ।

त्यसैगरी, प्रसौनी गाउँपालिकाका नविनकुमार श्रीवास्तव गृह मन्त्रालयमा तानिएका छन् भने रौतहटको देवाही गोनाही नगरपालिकाका पवन कुमार केशरीलाई प्रसौनी गाउँपालिकामा सरुवा

बाँकी तेश्रो पेजमा

# मकवानपुरको इन्द्रसरोवरमा ईभी गाडी दुर्घटना, बाराका १ सहित ४ जनाको मृत्यु



हेटौंडा, ३० भदौ/मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका- २ स्थित हेटौंडा-भीमफेदी-कुलेखानी-फाखेल सडक खण्डको सुकौरामा मङ्गलबार दिउँसो भएको विद्युतीय गाडी (इभी) दुर्घटनामा ४ जनाको ज्यान गएको छ भने बाराका २ सहित ४ जना घाइते भएका छन ।

काठमाडौंबाट वीरगञ्जतर्फ आउँदै गरेको म. प्र. ०३-००१ ज ०७२० नम्बरको गाडी सडकबाट करिब एक किलो मिटर तल खस्दा बारा र पर्साका दुई जनासहित चार यात्रुको घटनास्थलमै मृत्यु भएको हो ।

दुर्घटनामा बारा परवानीपुर गाउँपालिका- ३ का ३२ वर्षीय सरफरोस मियाँ र पर्सा छिपहरमाइ गाउँपालिका- २ टिहुकीका ४४ वर्षीय भुवनेश्वर साहको मृत्यु भएको छ । उनीहरूसँगै धनुषाका ४३ वर्षीय सुरज भट्टराई र नवलपरासी पूर्वका २४ वर्षीय नरबहादुर सिंह ठकुरीको पनि ज्यान गएको छ ।

उनीहरूको साथमा भेटिएका नागरिकता, पासपोर्ट र राष्ट्रिय परिचयपत्रका आधारमा पहिचान खुलेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक माधव काफ्लेले जानकारी दिनुभयो ।

दुर्घटनामा चालकसहित बारा जिल्लाका चार जना घाइते भएका छन् । घाइते हुनेमा गाडी चालक बाराको कलैया उपमहानगरपालिका- २४ का २० वर्षीय अमिर अन्सारी र यात्रुमा बारा महागढीमाई नगरपालिका- ११ की २१ वर्षीया बबियाकुमारी यादव रहेकी छिन् । यसैगरी मकवानपुरका राजकुमार स्याङ्तान र कल्पना तामाङ पनि घाइते भएका छन् ।

घाइतेमध्ये चालक अन्सारी, तामाङ र स्याङ्तानको काठमाडौंस्थित ट्रमा सेन्टरमा उपचार भइरहेको छ भने यादवको हेटौंडा अस्पतालमा उपचार जारी छ ।

दुर्घटनापछि प्रहरी चौकी खानीखेत, इलाका प्रहरी कार्यालय भीमफेदी, जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर तथा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी टोली घटनास्थलमा पुगेको थियो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीको कमाण्डमा ट्राफिक प्रहरीसहित २१ जना प्रहरी उद्धार तथा अनुसन्धानका लागि परिचालन गरिएको थियो । घटनास्थलमा सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीसमेत खटिएको प्रहरीले जनाएको छ ।

# प्रधानमन्त्री राहत कोषमा ठाकुर राम बहुमुखी क्याम्पस स्ववियुद्वारा १ लाख १ हजार रूपैयाँ सहयोग




वीरगञ्ज, ३० भदौ/भोटेकोशी बाढीबाट प्रभावित नागरिकहरूको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्जको स्वतन्त्र विद्यार्थी युनियनले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ लाख १ हजार रुपैयाँ सहयोग गरेको छ ।

स्ववियुले राहत तथा उद्धार कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले एक लाख एक हजार रुपैयाँको चेक हस्तान्तरण गरेको हो ।

ठाकुर राम बहुमुखी क्याम्पसस्थित स्ववियु कार्यालयमा आयोजित विशेष कार्यक्रमका बीच स्ववियु सभापति राजकुमार यादवको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलले क्याम्पस प्रमुख डा. केशवप्रसाद यादव, सहायक क्याम्पस प्रमुख तथा क्याम्पस प्रशासनका प्रतिनिधिमार्फत उक्त सहयोग रकमको चेक हस्तान्तरण गरेको थियो ।

कार्यक्रममा बोल्दै स्ववियु सभापति यादवले देश कठिन विपद्को अवस्थामा रहेका बेला विद्यार्थी वर्ग अध्ययनमा मात्र सीमित नरही सामाजिक दायित्वप्रति पनि उत्तिकै जिम्मेवार र संवेदनशील हुनुपर्ने बताउनुभयो । स्ववियुको तर्फबाट प्रदान गरिएको सहयोगले विपद्बाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनर्स्थापनामा केही भए पनि योगदान पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

चेक ग्रहण गर्दै क्याम्पस प्रमुख डा. यादवले स्ववियुले गरेको मानवीय तथा सामाजिक कार्यको प्रशंसा गर्दै धन्यवाद व्यक्त गर्नुभयो। विद्यार्थी संघ( संगठनहरूले सामाजिक उत्तरदायित्व बहन गर्दै विपद्को समयमा देखाएको सहकार्य र सहयोगको भावना अनुकरणीय रहेको उहाँले बताउनुभयो ।

# नापी कार्यालय बर्दिबासका सर्भेक्षक घुससहित पक्राउ

महोत्तरी ३० भदौ/महोत्तरीको बर्दिबासस्थित नापी कार्यालयमा कार्यरत एक नापी सर्भेक्षक एक लाख रुपैयाँ घुससहित पक्राउ परेका छन् ।

नापी सर्भेक्षक शिवकुमार साहलाई मंगलबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय बर्दिबासको टोलीले घुस रकमसहित रंगेहात पक्राउ गरेको हो ।

जग्गा ट्रायलका लागि निवेदन दिएका सेवाग्राहीसँग लामो समयदेखि घुस रकमका लागि बार्गेनिङ भइरहेको सूचनाका आधारमा अख्तियारको टोलीले निगरानी बढाएको थियो ।

मंगलबार अपराह्न करिब ४ बजे नापी कार्यालय अगाडिको एक खाजा घरमा सेवाग्राहीबाट एक लाख रुपैयाँ घुस लिँदै गरेको अवस्थामा साहलाई पक्राउ गरिएको अख्तियार दुरुपयोग

बाँकी तेश्रो पेजमा

# निजगढ-९ मा अस्थायी बसोबास गर्ने र घरधनीको विवरण दर्ता गर्न सूचना




निजगढ, ३० भदौ/निजगढ नगरपालिका वडा नम्बर ९ कार्यालयले वडाभित्र अस्थायी रूपमा बसोबास गर्दै आएका व्यक्ति तथा उनीहरूलाई घर, कोठा, फ्ल्याट वा अन्य आवास भाडामा उपलब्ध गराउने घरधनीको विवरण दर्ता गर्न आग्रह गरेको छ ।

वडा कार्यालयले आज एउटा सूचना निकालेर अन्यत्रबाट आएर निजगढ( ९ मा अस्थायी रुपमा बसोबास गर्नेहरुको विवरण अभिलेखीकरण गर्न भनेको हो । सूचनामा अन्य स्थानबाट व्यापार, व्यवसाय, अध्ययन, रोजगारी, सेवा, संघसंस्था, वित्तीय संस्था तथा अन्य प्रयोजनका लागि अस्थायी रूपमा बसोबास गर्दै आएका व्यक्तिहरूको विवरण यथाशीघ्र वडा कार्यालयमा दर्ता गराउन भनिएको छ ।

सूचनाअनुसार घर, कोठा वा फ्ल्याट भाडामा लिएर बस्दै आएका व्यक्तिहरू तथा त्यस्ता व्यक्तिलाई आवास उपलब्ध गराउने घरधनीले आफ्नो तथा भाडामा बस्ने व्यक्तिको विवरण बुझाउनुपर्ने छ ।

वडा अध्यक्ष रामचन्द्र कटुवाल क्षेत्रीका अनुसार कार्यालयमा अस्थायी रूपमा बसोबास गर्ने व्यक्तिको यकिन तथ्याङ्क नरहेको र सार्वजनिक सेवा प्रवाह तथा अन्य कार्यमा पनि समस्या उत्पन्न हुने गरेको छ। 'वडामा को(को व्यक्ति कुन प्रयोजनका लागि बसोबास गरिरहेका छन् भन्ने विवरण आवश्यक छ, वडा अध्यक्ष कटुवालले भन्नुभयो, यसबाट शान्ति सुरक्षा, विपद् व्यवस्थापन, आपत्कालीन उद्धार तथा अन्य आपत्कालीन अवस्थामा पनि यसको प्रयोग गर्न सकिन्छ ।'

वडा कार्यालयका अनुसार घरधनीले आफ्नो घर, कोठा वा फ्ल्याट भाडामा लिएर बस्ने व्यक्तिको नाम, स्थायी ठेगाना, परिचयपत्रको विवरण, सम्पर्क नम्बर र बसोबासको प्रयोजन खुल्ने विवरण वडा कार्यालयमा उपलब्ध गराउनुपर्नेछ । अध्ययन, रोजगारी,

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# ब्रिक्स शिखर सम्मेलन: बदलिँदो भू-राजनीति

दिल्लीस्थित भारत मण्डपममा १२-१३ सेप्टेम्बर २०२६ मा सम्पन्न १८औं ब्रिक्स शिखर सम्मेलनले विश्वव्यापी राजनीतिक तथा आर्थिक परिदृश्यमा एक अमिट छाप छोडेको छ। "रेजिलिएन्स, इनोभेसन, कोअपरेसन र सस्टेनेबिलिटी" (लचिलोपन, नवप्रवर्तन, सहकार्य र दिगोपना) भन्ने मुख्य नाराका साथ आयोजना गरिएको यस ऐतिहासिक सम्मेलनले विस्तारित ११ सदस्यीय संगठनलाई मात्र सुदृढ बनाएन, बरु बहुवीय विश्व व्यवस्था (Multipolar World Order) को खाका समेत प्रस्तुत गरेको छ। रूपमा रसिया-युक्रेन युद्ध, मध्यपूर्व (पश्चिम एसिया) को सैन्य तनाव र अमेरिकी महसुल युद्ध जस्ता गम्भीर संकटहरू छाएको वर्तमान समयमा यो सम्मेलन आयोजना भएको थियो।

यस्तो पृष्ठभूमिमा भारतले एक कुशल मध्यस्थकर्ता र आयोजकको रूपमा, तीव्र मतभेदका बाबजुद ऐतिहासिक 'नयाँ दिल्ली घोषणापत्र' सर्वसम्मत रूपमा पारित गराउन सफल हुनु यस सम्मेलनको सबैभन्दा ठूलो कूटनीतिक विजय हो। घोषणापत्रमा मध्यपूर्वको द्वन्द्वप्रति गम्भीर चिन्ता व्यक्त गर्दै अधिकतम संयमता अपनाउन आह्वान गरिएको छ र प्रविधि तथा महत्त्वपूर्ण खनिजहरूको 'हतियारीकरण' विरुद्ध बलियो आवाज उठाइएको छ। यस सम्मेलनको अर्को उल्लेखनीय पक्ष भनेको चिनियाँ राष्ट्रपति सी जिनपिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच नयाँ दिल्लीमा भएको सकारात्मक संवाद र सामीप्यता हो।

गलवान सैन्य झडप र सीमा विवादका कारण लामो समयदेखि चिसिएको भारत-चीन सम्बन्धमा यस शिखर सम्मेलनले एक नयाँ 'रिसेट' वा थप सहजताको ढोका खोलेको छ। साथै, अमेरिकी डलरमाथिको विश्वव्यापी निर्भरता कम गर्न स्थानीय मुद्रामा व्यापार (De-dollarisation) र आफ्नै वित्तीय प्रणाली विकास गर्ने बिषयमा ब्रिक्स राष्ट्रहरूले लिएको नीति आगामी दिनका लागि अर्थपूर्ण देखिन्छ।

# प्रभावकारी जलवायु कूटनीति



- जलवायु परिवर्तनले नेपालमा अकल्पनीय क्षति
- पेरिस सम्झौताले विश्वको तापक्रम वृद्धिलाई सीमित गर्ने लक्ष्य
- नेपालले जलवायु कूटनीतिलाई विशेष सक्रिय बनाउनु पर्छ
- हिमालयको संरक्षण गर्नु समग्र मानवजातिको रक्षा गर्नु हो



युवनाथ लम्साल

विश्वभरका नेता तथा कूटनीतिज्ञ संयुक्त राज्य अमेरिकाको न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा भेला हुँदै छन्। उनीहरूले विश्वव्यापी सरोकारका विषय तथा मानव समुदायले सामना गरिरहेका विविध समस्या र चुनौतीमाथि बहस, छलफल र विचार-विमर्श गर्ने छन्। राष्ट्रसङ्घको महासभाको नियमित अधिवेशन प्रत्येक वर्ष सेप्टेम्बर महिनाको तेस्रो मङ्गलबारदेखि सुरु हुन्छ । यस वर्ष ८१ औं महासभामा सदाझैं नेपालको उच्चस्तरीय प्रतिनिधिमण्डलले पनि सहभागिता जनाउँदै छ । सन् १९५६ मा सम्पन्न ११ औं महासभादेखि नेपालले संयुक्त राष्ट्रसङ्घको महासभामा नियमित रूपमा सहभागिता जनाउँदै आएको छ । दोस्रो विश्वयुद्धको विनाशपछि सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भएको हो। राष्ट्रसङ्घले आठ दशक पूरा गरी परिपक्वता हासिल गरेको छ ।

### राष्ट्रसङ्घ र नेपाल

सन् १९५५ मा संयुक्त राष्ट्रसङ्घको सदस्य बनेदेखि नै नेपालले यस विश्व संस्थामा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। नेपाल संयुक्त राष्ट्रसङ्घको दृढ समर्थक राष्ट्र हो र संयुक्त राष्ट्रसङ्घको बडापत्रमा निहित सिद्धान्त तथा मूल्य-मान्यताप्रति प्रतिबद्ध रहँदै आएको छ । यस वर्षको संयुक्त राष्ट्रसङ्घको महासभा नेपालका लागि विशेष रूपमा महत्वपूर्ण छ। नेपालको हिमाली क्षेत्रमा हालै आएको विनाशकारी बाढी तथा त्यसबाट भएको ठुलो जनधनको क्षति र भौतिक पूर्वाधार विनाशको पृष्ठभूमिमा यो महासभा आयोजना हुँदै छ। हिमाली क्षेत्रमा देखा परेको यो विनाशकारी अवस्था जलवायु परिवर्तन र विश्वव्यापी तापक्रम वृद्धिका कारण तीव्र बन्दै गएको जलवायुजन्य जोखिमको एउटा गम्भीर अभिव्यक्ति हो। प्रकृतिमाथिको मानवीय अतिक्रमण, अविवेकी विकास तथा हरितगृह ग्यासको अत्यधिक उत्सर्जनले पृथ्वीको वातावरणीय प्रणालीमा गम्भीर असन्तुलन ल्याएको छ। त्यसको प्रत्यक्ष असर हिमालय जस्ता संवेदनशील वायुमण्डलीय क्षेत्रमा देखिन थालेको छ

### जलवायु परिवर्तनको असर

राष्ट्रसङ्घको मञ्चमा नेपालले जलवायु परिवर्तन र यसका असर, विशेष गरी हिमालय क्षेत्रको बाढीले निम्त्याएको विनाशको विषयलाई सशक्त रूपमा उठाउने अपेक्षा गरिएको छ । हिमालय क्षेत्रमा तापक्रम निरन्तर बढ्दै जाँदा हिमनदीहरू तीव्र गतिमा पग्लने, हिमताल विस्फोट तथा हिमताल फुट्दा आउने बाढी, पहिरो र अन्य प्राकृतिक विपत्को जोखिम बढ्दै गएको छ। हालै नेपालमा आएको विनाशकारी बाढी पनि जलवायु परिवर्तनका कारण बढ्दै गएका यस्ता जलवायुजन्य विपत्को शृङ्खलाकै एउटा हिस्सा हो। विश्वव्यापी तापक्रम वृद्धि र जलवायु परिवर्तन विश्वले सामना गरिरहेका अत्यन्तै गम्भीर समस्यामध्ये पर्छन्। यदि यी समस्याको बेलैमा सम्बोधन गरिएन र वायुमण्डलीय तापक्रमलाई पेरिस सम्झौताले तोकेको सीमाभित्र राखिएन भने विश्वले निश्चित रूपमा जलवायुसम्बन्धी विनाशकारी परिणामको गम्भीर मार खेप्नुपर्ने छ । विश्वव्यापी तापक्रम वृद्धिले राष्ट्रसङ्घले निर्धारण गरेको सीमा र मापदण्ड नाघ्न लागेको सङ्केत देखिएका छन् ।

विसं २०७२ को पेरिस सम्झौताले विश्वको औसत तापक्रम वृद्धिलाई औद्योगिक क्रान्तिपूर्वको तापक्रम वृद्धिको तुलनामा दुई डिग्री सेल्सियसभन्दा तल सीमित गर्ने र दीर्घकालीन रूपमा तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियससम्म सीमित गर्न आवश्यक प्रयास गर्ने उद्देश्य राखेको छ तर राष्ट्रसङ्घको पछिल्लो प्रतिवेदनले यस शताब्दीको अन्त्यसम्ममा विश्वको तापक्रम औद्योगिक युगपूर्वको तुलनामा करिब २.५ देखि तीन डिग्री सेल्सियसले बढ्ने सम्भावना देखाएको छ। यसको मुख्य कारण कोइला, पेट्रोलियम र प्राकृतिक ग्यासको अधिक दोहन र खपतलाई जिम्मेवार मानिन्छ। कोइला, पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यास, जीवाश्म इन्धनको अधिक प्रयोगबाट वायुमण्डलमा कार्बनडाइअक्साइड जस्ता 'हरितगृह ग्यास' उत्सर्जन हुन्छन्, यसले तापलाई वायुमण्डलभित्र थुनेर राख्छन् । औसत तापक्रम १.५ डिग्री सेल्सियसको सीमापार हुँदा अत्यधिक मात्रामा हिउँ पग्लिने, समुद्री सतह बढ्ने, अत्यधिक गर्मी, खडेरी, बाढी तथा डढेलो जस्ता जोखिम अझ बढ्ने छन् तर हिन्दु-कुश हिमालय क्षेत्रको औसत तापक्रम वृद्धि विश्वको औसत वृद्धिभन्दा बढी भएको विभिन्न अध्ययनले देखाएका छन् । त्यसैले हिमालय क्षेत्र जलवायु परिवर्तनको प्रभावको दृष्टिकोणबाट बढी जोखिममा देखिन्छ । विश्वव्यापी तापक्रम वृद्धिको वर्तमान दर कायम रहेमा, यस शताब्दीको अन्त्यसम्ममा हिमालयको अधिकांश हिउँ लोप हुन सक्छ भन्ने केही विज्ञको राय छ ।

राष्ट्रसङ्घको महासभा विश्वको सबैभन्दा ठुलो र सर्वाधिक समावेशी बहुपक्षीय संस्था हो। राष्ट्रसङ्घमा १९३ सदस्य राष्ट्र छन् र भ्याटिकन सिटी र प्यालेस्टाइन गैरसदस्य पर्यवेक्षकका रूपमा छन् । संयुक्त राष्ट्रसङ्घमा सानाठुला तथा शक्तिशाली र शक्तिहीन सबै देशको समान हैसियत र अधिकार हुन्छ। तसर्थ, विश्वले सामना गरिरहेका ज्वलन्त मुद्दामाथि छलफल गर्न र यी विषयमा निर्णय लिनका लागि संयुक्त राष्ट्रसङ्घको महासभा अन्तर्राष्ट्रिय कूटनीतिको उत्कृष्ट र उपयुक्त मञ्च हो। जलवायु परिवर्तनले सिर्जना गरेका सबै खाले समस्या र खास गरी नेपालले भर्खरै भोगेको जलवायुजन्य पीडा विश्वलाई सुनाउन र यसबाट सिर्जित समस्या समाधानको साझा प्रयासका लागि अन्तर्राष्ट्रिय समुदायको ध्यान आकर्षित गर्न संयुक्त राष्ट्रसङ्घको मञ्चलाई अधिकतम उपयोग गर्नु नेपालका लागि जरुरी छ । जलवायु परिवर्तनका कारण नेपालले सामना गरिरहेका समस्या नेपाल एक्लैले सिर्जना गरेको होइन । यो एउटा विश्वव्यापी समस्या भएकाले यसको समाधान पनि विश्वव्यापी तथा सामूहिक रूपमा खोजिनु पर्छ । जलवायुजन्य समस्या समाधान गर्न र जलवायु परिवर्तनको सङ्कटविरुद्ध लड्न संयुक्त राष्ट्रसङ्घले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्छ र सम्पूर्ण विश्वलाई परिचालन गर्न सक्नु पर्छ । नेपाल जलवायु परिवर्तनको प्रभावबाट सबैभन्दा बढी जोखिममा रहेका मुलुकमध्ये एक हो । जलवायु परिवर्तनका कारण नेपालले गम्भीर मानवीय, आर्थिक तथा वातावरणीय क्षति बेहोर्नु परिरहेको छ । हिमालय क्षेत्रमा आएको बाढीले नेपालमा ठुलो जनधनको क्षति पुऱ्याएको छ । पुनर्स्थापना र पुनर्निर्माणका लागि ठुलो धनराशि आवश्यक पर्छ, यसको जोहो नेपाल एक्लैले गर्न सक्ने स्थिति छैन । विकसित राष्ट्र र संयुक्त राष्ट्रसङ्घले नेपालको विपत्पश्चात्को पुनर्स्थापना, पुनर्निर्माण तथा जलवायु अनुकूलन र असर न्यूनीकरणमा योगदान पुऱ्याउने अपेक्षा छ। जलवायु परिवर्तनका कारण हिमालय क्षेत्रले सामना गरिरहेको सङ्कट समाधान गर्न आवश्यक स्रोतसाधनको सुनिश्चित गर्दै सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायलाई परिचालन गर्ने दायित्व राष्ट्रसङ्घको पनि हो । यसका लागि नेपालले आफ्नो जलवायु कूटनीतिलाई विशेष सक्रिय बनाउनु पर्छ ।

### हिमालयको संरक्षण

जलवायु कूटनीतिले विदेश नीति र कूटनीतिको समग्र प्राथमिकता तथा कार्यसूचीमा वातावरणीय र जलवायुसम्बन्धी विषयलाई समावेश गर्ने कार्यलाई जनाउँछ। जलवायु कूटनीति अन्तर्गत सरकारले जलवायु परिवर्तनका मुद्दा तथा तिनले हाम्रो मुलुकमा पार्न सक्ने र पार्ने प्रभावलाई स्पष्ट रूपमा प्राथमिकतामा राख्नु पर्छ । सोही अनुरूप द्विपक्षीय तथा बहुपक्षीय कूटनीतिक मञ्चमा प्रस्तुत हुनु पर्छ । कुनै खास देशलाई दोष दिनुको सट्टा, हामीले राष्ट्रसङ्घको मञ्चबाट विश्व समुदायलाई प्रभावकारी रूपमा आह्वान गर्नु पर्छ र द्विपक्षीय कूटनीतिक वार्तामार्फत अन्य देशलाई पुनर्स्थापना, पुनर्निर्माण तथा जलवायु अनुकूलन र न्यूनीकरणका कार्यमा योगदान पुऱ्याउन सहमत गराउन सक्नु पर्छ । स्रोतसाधनको सीमितता भएका तर जलवायु परिवर्तनको उच्च जोखिममा रहेका मुलुकलाई आर्थिक सहयोग उपलब्ध गराउन राष्ट्रसङ्घसँग 'हरित जलवायु कोष', 'अनुकूलन कोष' र 'हानि तथा क्षति कोष' जस्ता संयन्त्र तथा कोष उपलब्ध छन् । यी संयन्त्रबाट आर्थिक सहयोग प्राप्त गर्नका लागि निश्चित प्रक्रिया छन्, जसका निम्ति बहुपक्षीय कूटनीतिलाई अझ बढी सक्रिय, प्रभावकारी र सक्षम बनाउनुपर्ने हुन्छ ।

सर्वप्रथम, नेपालले वैज्ञानिक तथ्य र प्रमाणमा आधारित भएर ठोस दाबी पेश गर्नु पर्छ र आवश्यक प्रक्रिया पूरा गरी विभिन्न बहुपक्षीय कोषबाट क्षतिपूर्ति तथा सहयोगको माग गर्नु पर्छ । अहिलेसम्म हामीले विभिन्न संस्थाद्वारा गरिएका अनुसन्धान तथा अध्ययनमा मात्र भर पर्दै आएका छौं । नेपालले आफ्नै वैज्ञानिक अनुसन्धान गरी क्षतिको परिमाण र प्रकृतिको वास्तविक मूल्याङ्कन र यसलाई पुष्टि गर्ने वैज्ञानिक तथ्य र प्रमाणसहित क्षतिपूर्ति र सहयोगका लागि दाबी पेस गर्नुपर्ने हुन्छ । साथै हालसम्म जलवायुसम्बन्धी मुद्दालाई विज्ञानको विषयका रूपमा मात्र लिइँदै आएको छ तर जलवायु परिवर्तनका मुद्दा अब कूटनीतिको अभिन्न अङ्ग बन्नु पर्छ । हाम्रा कूटनीतिज्ञलाई जलवायु विज्ञानको आधारभूत अवधारणा र जलवायु कूटनीतिबारे प्रशिक्षित बनाउनु पर्छ ताकि नेपाली कूटनीतिज्ञले जलवायुसम्बन्धी मुद्दालाई उचित र प्रभावकारी रूपमा समाल्न तथा जलवायु परिवर्तनका कारण भएको क्षतिबापत नेपालले पाउनुपर्ने सहयोग र क्षतिपूर्ति सुनिश्चित गर्न सफलता प्राप्त गर्ने सक्ने छन्। यसका साथै, नेपालले हिमालय-हिन्दुकुश क्षेत्रका अन्य मुलुक तथा जलवायु परिवर्तनको उच्च जोखिममा रहेका अन्य देशलाई पनि साथ लिएर सामूहिक रूपमा अघि बढेमा थप सफलता प्राप्त गर्न सक्ने छ। हिमालय क्षेत्रको अग्रपङ्क्तिको मुलुक भएको हुँदा नेपालले हिमालयको संरक्षणमा समग्र विश्वलाई परिचालन गर्ने कार्यको नेतृत्व गर्न सक्नु पर्छ । किनभने हिमालयको संरक्षण गर्नु भनेको समग्र एसियाली मानवजातिको रक्षा गर्नु हो ।

**साभार: गोरखापत्र**




किस्ताबन्दिमा आफुले खरिद गर्न चाहेको सामानहरू खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरूमा डाउन पेमेन्ट गर्नु पर्छ र बाकि रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरूमा रू १००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरित्ताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाकि रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ ।

# सरुवा भएका कर्मचारीलाई रमाना नदिए कार्यालय प्रमुख र लेखा प्रमुखबाटै तलब असुलिने

काठमाडौँ, ३० भदौ/भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा भएका निजामती कर्मचारीलाई तोकिएको अवधिभित्र अनिवार्यरूपमा रमाना दिन सबै मन्त्रालय, आयोग, सचिवालय, सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहलाई आग्रह गरेको छ।

मन्त्रालयले सरुवा भएका कर्मचारीलाई विभिन्न बहानामा साविककै कार्यालयमा राखेर कामकाज गराउने तथा सरुवा भइसकेपछि पनि रमाना नदिई पुरानै कार्यालयबाट तलबभत्ता भुक्तानी गर्ने प्रवृत्ति देखिएपछि सम्बन्धित सबै निकायलाई आग्रह गरेको हो।

मन्त्रालयले आज (मंगलबार) एक पत्र जारी गर्दै निजामती सेवा नियमावलीअनुसार सरुवा भएको कर्मचारीलाई तोकिएको अवधिभित्र रमाना नदिई साविककै कार्यालयबाट तलबभत्ता भुक्तानी गरिएमा रमाना दिनुपर्ने म्यादभन्दा बढी अवधिको त्यस्तो तलबभत्ता सम्बन्धित कार्यालय प्रमुख र भुक्तानी दिने लेखा प्रमुखबाट असुलउपर गर्ने व्यवस्था रहेको जनाएको छ। मन्त्रालयका अनुसार पछिल्लो समय सरुवा भएका कर्मचारीलाई नियमावलीमा तोकिएको बहाली म्याद सकिँदा समेत रमाना नदिने, विभिन्न बहानामा साविककै कार्यालयमा राखेर काम गराउने र सरुवा भइसकेपछि पनि पूर्व कार्यालयबाटै तलबभत्ता भुक्तानी गर्ने गरेको पाइएको छ। यसले स्थानीय तहमा जनशक्ति अभाव भई सेवा प्रवाहमा समेत गम्भीर समस्या सिर्जना हुन पुगेको मन्त्रालय जनाएको छ।

मन्त्रालयले सरुवा भएका निजामती कर्मचारीलाई कानुनले तोकेको अवधिभित्र अनिवार्यरूपमा रमाना दिन र अन्यथा कानुनबमोजिम हुने व्यहोरा सम्बन्धित निकायलाई जानकारी गराएको छ।

सरुवा भएका कर्मचारीलाई रमाना नगरी तलबभत्ता भुक्तानी गरेको पाइएमा लेखापरीक्षणका क्रममा उक्त विषयलाई बेरुजु कायम गरी निर्णय कार्यान्वयनमा सहयोग गर्न महालेखा परीक्षकको कार्यालयलाई र निर्णय कार्यान्वयनमा सहयोग गर्न मातहतका सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई समेत परिपत्र गरिदिन महालेखा नियन्त्रकको कार्यालयलाई समेत आग्रह गरेको छ।

साविकमा मन्त्रालयबाट सरुवासम्बन्धी निर्णयहरू हुने तर कार्यान्वयन नहुने अवस्थालाई अन्त्य गर्न मन्त्रालयले चालेको यो कदमले प्रशासनिक स्थिरता र सरुवा निर्णय कार्यान्वयनमा प्रभावकारिता ल्याउने अपेक्षा गरिएको छ।

# भौतिक विकासमन्त्री समीर कार्यवाहक मुख्यमन्त्री




जनकपुरधाम, ३० भदौ/मधेस प्रदेशको कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी भौतिक पूर्वाधार विकासमन्त्री महम्मद समीरले पाएका छन्।

मुख्यमन्त्री कृष्णप्रसाद यादव एसियाली विकास बैंकको आयोजनामा फिलिपिन्समा हुने 'तेस्रो जलवायु अनुकूलन लगानी योजना मञ्च' सम्बन्धी कार्यक्रममा सहभागी हुन त्यसतर्फ गएकाले आजैदेखि लागू हुने गरी कार्यवाहकको जिम्मेवारी मन्त्री समीरलाई तोकिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ

कार्यवाहक मुख्यमन्त्री समीर बारा क्षेत्र नम्बर ३ '२' बाट प्रदेश सभा सदस्य हुनुहुन्छ।

# मुस्ताङमा जलवायुसम्बन्धी राष्ट्रिय सम्मेलन शुरू

काठमाण्डौ ३० भदौ/हिमाली जिल्ला मुस्ताङको सदरमुकाम जोमसोममा जलवायुसम्बन्धी राष्ट्रिय स्तरको सम्मेलन शुरु भएको छ।

घरपझोङ गाउँपालिकाको आयोजनामा 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन' गरिएको हो। सम्मेलनको कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीले उद्घाटन गर्नुभएको छ।

सम्मेलनमा भाग लिन ४२० भन्दा धेरै पालिका र ३६ जिल्ला समन्वय समितिका जनप्रतिनिधिसहित दुई हजार भन्दा धेरै अतिथि सहभागी रहेको आयोजकले जनाएको छ। गाउँपालिकाको मुख्य राजमार्ग सडक तथा भित्री सडकमा सडक बत्ती जडान गरी झिलीमिली पारिएको छ।

सम्मेलनस्थलमा २८ फिट उचाइको जलवायु परिवर्तनको असरसम्बन्धी जनचेतना झल्काउने पृथ्वी रोइरहेको बेलुनको गोलाकार आकृति राखिएको छ। यस्तै, मुस्ताङका कृषि उत्पादनको प्रचारप्रसार गर्ने उद्देश्यका साथ ५० भन्दा धेरै स्टल राखिएको गाउँपालिकाको कृषि शाखा अधिकृत रोशन थकालीले जानकारी दिनुभयो।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमकुमार बस्नेतले जलवायु परिवर्तनले हिमाल, पहाड र तराईका पालिकामा पुर्याएको असर र अनुकूलनलगायतका विषयमा साझा धारण तय गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गर्न मुस्ताङमा पहिलोपटक ऐतिहासिक रूपमा 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन' आयोजना गरिएको बताउनुभयो।

सम्मेलनका लागि मुस्ताङका अन्य चार पालिकाले पनि सहयोग गरेका छन्। घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले सम्मेलन 'साझा पृथ्वी, साझा दायित्व : जलवायु न्यायमा सामुहिक ऐक्यवद्धता' साथै खबरदारीका लागि महत्वपूर्ण रहेको बताउनुभएको छ।

भोलिसम्म चल्ने सम्मेलनले घरपझोङ घोषणापत्र जारी गर्नेछ। गएको भदौ १० गते भोटेकोशीको बाढीले जनधनको ठूलो क्षति गरेको अवस्थामा घरपझोङमा जलवायु परिवर्तन सम्मेलन हुन लागेको हो।

प्रधानमन्त्री वालेन्द्र शाह राष्ट्रसङ्घीय महासभामा भाग लिन जाने र जलवायुसम्बन्धी विषय उठाउने एजेन्डा लिइरहँदा कार्यक्रमको सान्दर्भिकता झन् बढेको अध्यक्ष लालचनले बताउनुभयो। उहाँकाअनुसार प्रधानमन्त्री शाहबाट सम्मेलनको सफलताका लागि शुभकामना सन्देश प्राप्त भएको छ।

# बाँदरलाई हानेको गोली लागेर एक जनाको मृत्यु

काठमाण्डौं,३० भदौ/खोटाङमा बाँदर धपाउन पड्काएको भरुवा बन्दुकको गोलीले लागेर एकको मृत्यु भएको छ।

बाँदर धपाउन दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका( ११ खार्मीका ५४ वर्षीय भलबहादुर तामाङले चलाएको बन्दुकको गोलीले लागेर सोही ठाउँका ५३ वर्षीय श्यामबहादुर तामाङको मृत्यु भएको हो।

बन्दुकको गोलीले लागेका तामाङको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ।

भरुवा बन्दुकको गोलीले श्यामबहादुरको टाउकोमा लागेको थियो। भलबहादुरले बाँदर ठानेर बन्दुक चलाउँदा सँगै गएका तामाङलाई गोली लागेको पाइएको प्रहरीले जनाएको छ।

मृतक श्यामबहादुर भलबहादुरका आफ्नै काकाका छोरा हुन्। भलबहादुरलाई अस्थायी प्रहरी पोष्ट खार्मीबाट खटिएका प्रहरीको टोलीले भरुवा बन्दुक सहित नियन्त्रणमा लिएको छ।

थप अनुसन्धान तथा कानुनी प्रकृयाका लागि जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरिक्षक निराजन बस्नेतको कमाण्डमा सोको सहितको ६ जनाको टोली घटनास्थल पुगेका छन्। घटनाको विस्तृत विवरण आउन बाँकी छ।

# रास्वपा सभापति लामिछानेद्वारा सर्वदलीय बैठक आह्वान

काठमाडौं ३० भदौ/रास्वपा सभापति रवि लामिछानेले सर्वदलीय बैठक आह्वान गर्नुभएको छ।

सभापति लामिछानेले आह्वान गरेको सर्वदलीय बैठक भोलि (बुधबार) रास्वपा संसदीय दलको कार्यालय, सिंहदरबारमा बस्ने रास्वपा प्रवक्ता जगदीश खरेलले जानकारी दिनुभयो।



बैठकमा उच्चस्तरीय राजनीतिक संयन्त्र गठनको विषयमा छलफल हुने बताइएको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगायतका विषयमा सर्वदलीय बैठकमा छलफल हुने खरेलले बताउनुभयो।

# डेभिड वार्नर एनपीएल खेल्न नेपाल आउने

काठमाण्डौ ३० भदौ/अस्ट्रेलियाका चर्चित क्रिकेटर डेभिड वार्नर नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट खेल्न नेपाल आउने भएका छन्।

एनपीएलको टोली काठमाण्डौ गोर्खाजले तेस्रो संस्करणका लागि वार्नरलाई अनुबन्ध गरेको सामाजिक सञ्जालमार्फत जनाएको छ।

३९ वर्षीय डेभिड वार्नर एनपीएल खेल्न आउने अहिलेसम्मकै ठूला नाम हुन्। यसअघि पहिलो संस्करणमा कर्णाली याक्सले भारतका शिखर धवन, दोस्रो संस्करणमा विराटनगर किङ्सले दक्षिण अफ्रिकाका फाफ डु प्लेसिसलाई अनुबन्ध गरेको थियो।

वार्नरले ११० टी(२० अन्तर्राष्ट्रिय क्रिकेटमा १ शतक र २८ अर्धशतकसहित ३ हजार २७७ रन बनाएका छन्। यस्तै उनले समग्र ४३९ टी(२० क्रिकेटमा १० शतक र ११८ अर्धशतकसहित १४ हजार २८४ रन बनाएका छन्।

## सिराहामा मोटरसाइकलको ...

गोलबजारतर्फ ल्याउने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ।

घटनामा संलग्न मोटरसाइकल र चालकको पहिचान खुल्न सकेको छैन। प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

बालकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल लहान पठाउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालय प्रहरीले जनाएको छ।

## बाराका६ पालिकामा...

गरिएको छ।

त्यस्तै, देवताल गाउँपालिकाका कृष्ण नन्दन रायलाई परवानीपुर गाउँपालिकामा सरुवा गरिएको छ भने बौद्धीमाई नगरपालिकाका उदय शंकर चौधरीलाई देवताल गाउँपालिका पठाइएको छ। परवानीपुर गाउँपालिकामा कार्यरत मुन्ना साह रौनियारलाई फेटा गाउँपालिकामा सरुवा गरिएको छ भने फेटाका प्रमुख प्रशासकीय अधिकृत राकेश ओझालाई सिराहाको नवराजपुर गाउँपालिकामा खटाइएको छ।

## नापी कार्यालय बर्दिबासका...

अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय बर्दिबासका सूचना अधिकारी प्रकाश पोखरेलले बताउनुभयो।

उहाँका अनुसार साहलाई नियन्त्रणमा लिएर स्थलगत मुचुल्कालगायतका कानुनी प्रक्रियाको काम भइरहेको छ।

## निजगढ-९ माअस्थायी...

व्यापार व्यवसाय वा अन्य कुनै प्रयोजनका लागि अस्थायी रूपमा बसोबास गर्ने व्यक्तिहरूले समेत आवश्यक विवरण उपलब्ध गराउनुपर्ने सूचनामा उल्लेख छ।

वडा कार्यालयले घर बहाल तथा जग्गा बहालसम्बन्धी सम्झौता सम्बन्धित पक्षहरूको उपस्थितिमा वडा अध्यक्ष तथा वडा सदस्यको रोहवरमा प्रचलित कानुनबमोजिम गर्नुपर्ने पनि जनाएको छ।

RAVI & SUNNY INDUSTRIES P. LTD.

ADDRESS: BYPASS ROAD, BIRGUNJ- 14, PARSA ( NEPAL )

EXIM CODE: 6098575970133NP II CONTACT NO. 9802855892

| S.NO. | PRODUCT NAME | BRAND | COD | QUANTITY | PRICE | MRP |
|---|---|---|---|---|---|---|
| 1 | MICROWAVE OVEN ORION | BETTER | CHINA | 400.00 | 15433 | 24995 |
| 2 | MICROWAVE OVEN CRISP | BETTER | CHINA | 640.00 | 8169 | 13995 |

PLEASE NOTE: DISCOUNT TO REATAILERS, DISTRIBUTORS AND SPECIAL PRICES ARE GIVEN AS PER THE COMPANY POLICY.

॥ सत्यं वदामः, तथ्यं प्रकाशयामः ॥
॥ जनहिताय सञ्चारः, समाजहिताय प्रयासः ॥

कृपा दैनिक | काव्य साप्ताहिक | अर्थकरी पाक्षिक | ईकृपा डटकम

www.ekripa.com

ॐ

ठेगानाः कलैया बारा | सम्पर्कः बिरगंज-१३, पर्सा | सम्पर्क नं.: ०५१५९१८७३, ९८५५०२१८८६

# भोटेकोशीबाढी : ३४ देशका ६०७ विदेशी पर्यटक बेपत्ता



काठमाडौँ ३० भदौ/रसुवाको भोटेकोशीमा आएको बाढीमा परेर ३४ देशका ६०७ विदेशी पर्यटक बेपत्ता भएका छन् ।

पर्यटन विभागका सूचना अधिकारी सुरज घिमिरेले विभिन्न कम्पनीमार्फत कैलाश मानसरोवर र जनैपूर्णिमा मेलाका लागि गोसाइँकुण्ड गएका ६०७ विदेशी पर्यटक बेपत्ता भएको जानकारी दिनुभयो ।

बेपत्ता भएका विदेशी पर्यटकमध्ये २६९ पुरुष, ३२९ महिला र नौ लिङ्ग नखुलेका नागरिक छन् । बेपत्ता भएका विदेशी नागरिकमध्ये सबैभन्दा बढी छिमेकी मुलुक भारतीय छन् ।

विभागका अनुसार भारतका १८९ नागरिक बेपत्ता भएका छन् । यसबाहेक अष्ट्रेलियाका ३३, बेलारुसका दुई, क्यानडाका ३०, फिनल्याण्डका एक, फ्रान्स चार, जर्मनी आठ, हङ्गेरी एक, आइरिस दुई, इजरायल एक, लिथ्वानियाका एक, मलेसियाका ५५, नेदरल्याण्डका दुई जना बेपत्ता भएका छन् ।

न्यूजरल्याण्डका पाँच, पोर्चुगलका दुई, रसियाका छ, सिङ्गापुरका नौ, साउथ अफ्रिकाका छ, स्पेनका दुई, युक्रेनका ५४, बेलायतका ३२, अमेरिकाका ६५, जापानका पाँच, फिलिपिन्सका एक, काजकिस्तानका तीन, बेल्जियमका दुई, स्वीडेनका एक जना बेपत्ता छन् ।

लाटभियाका ३३, स्वीजरल्याण्डका एक, इटलीका दुई, चीनका ३७, भियतनाम एक, इस्टोनियाका दुई र कोरियाका नौ पर्यटक हराएका छन् । बाढीमा परेर नेपालका १८८ पर्यटक बेपत्ता भएका हुन् । विभागका अनुसार बेपत्ता हुनेमा १६१ पुरुष र २७ महिला छन् । वेपत्ता हुनेमा विदेशी पर्यटकको सहयोगीका रुपमा गएका र कैलाश मानसरोवर तथा गोसाईकुण्ड घुम्न गएका नेपाली रहेको विभागका सूचना अधिकारीले बताउनुभयो ।

सरकारले विपदका बीच उद्दार कार्य पनि जारी राखेको छ । हालसम्म ३१० विदेशी पर्यटकको सफल उद्धार गरिएको विभागले जनाएको छ । उद्धार भएकामध्ये २५८ पुरुष र ५२ महिला छन् । यसैगरी, बाढीपछि सम्पर्कविहीन भएकामध्ये १३ जना (तीन पुरुष, नौ महिला र एक अन्य) हाल सम्पर्कमा आएका छन् । स्थानीय प्रशासन र सुरक्षा निकायले बेपत्ता भएकाको खोजी र राहत कार्यलाई तीव्रता दिएको छ ।

# मोटरसाइकल दुर्घटनामा महिलाको मृत्यु


सर्लाही, ३० भदौ/सर्लाहीको गोडैता नगरपालिका- ५ रामवनमा मङ्गलबार दिउँसो मोटरसाइकल दुर्घटनामा परेर महिलाको मृत्यु भएको छ ।

बरहथवाबाट रामवनतर्फ गइरहेको प्रदेश २-०३-००१७ प ७१३५ नम्बरको मोटरसाइकल आफैँ अनियन्त्रित भइ दुर्घटना हुँदा मोटरसाइकल पछाडि सवार गोडैता नगरपालिका- ५ रामवनकी ६५ वर्षीया शान्ति देवीको मृत्यु भएको हो ।

घाइते शान्ति देवीलाई उपचारका लागि बयोधा अस्पताल वीरगञ्ज लैजाँदा चिकित्सकले मृत घोषणा गरेका प्रहरीले जनाएको छ । यस्तै, सर्लाहीको बरहथवा नगरपालिका- ३ सानो खुरखोटी टोलमा भऱ्याङबाट लडेर मङ्गलबार बिहान महिलाको मृत्यु भएको हो ।

भऱ्याङबाट लडेर घाइते ४० वर्षीया सुनिता माझीलाई उपचारका लागि एलएस न्यूरो अस्पताल बारा लैजाँदा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

# ‘क-कसलाई लालबकैयामा गाड्नुपर्ने हो ?’




रौतहट, ३० भदौ/रौतहटको मौलापुर नगरपालिकाकी मेयर रीना कुमारी साहले ‘क(कसलाई लालबकैयामा गाड्नुपर्ने हो ?’ भन्दै प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहलाई प्रश्न गर्नुभएको छ ।

सोमबार प्रधानमन्त्री शाहलाई सार्वजनिक अपिल गर्दै उनले शाहले यसअघि काठमाडौँ महानगरपालिकाको प्रमुख हुँदा सफाइ कर्मचारीको तलब एक साताभित्र भुक्तानी नभए सबैलाई टुकुचामा गाडिदिने अभिव्यक्ति दिएको स्मरण गराउँदै मौलापुरका कर्मचारीको तलब दुईदेखि आठ महिनासम्म रोकिएको बताउनुभयो ।


नगरपालिकामा कर्मचारीको तलब, जनप्रतिनिधिको सुविधा तथा वडा सञ्चालन खर्चसमेत लामो समयदेखि भुक्तानी हुन नसकेको उहाँको भनाइ छ

’मेरा कर्मचारीको तलब २ महिनादेखि ८ महिनासम्म, जनप्रतिनिधिको सुविधा ४ महिना र वडा सञ्चालन खर्च ८ महिनाको भुक्तानी हुन बाँकी रहेको छ । यसका लागि क(कसलाई लालबकैयामा गाड्नु पर्ने हो ? सल्लाह पाऊँ,’ उहाँले बालेनलाई प्रश्न गर्नुभएको छ ।

मेयर साहका अनुसार प्रमुख प्रशासकीय अधिकृत नहुँदा नगरपालिकाका दैनिक प्रशासनिक काम, विकास निर्माण तथा नागरिकसँग प्रत्यक्ष जोडिएका सेवा प्रभावित हुँदा यस्तो स्थिति आएको हो ।

उहाँले निःशुल्क विद्युत् तथा पानी कार्यक्रम, एकीकृत दलित बस्ती निर्माण, ‘छोरीसँग मेयर’ कार्यक्रमलगायतका योजनाको भुक्तानी रोकिएको बताउँदै तत्काल प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गर्न प्रधानमन्त्रीसँग आग्रह गर्नुभएको छ ।

# अपहरणमा परेको १२ दिनपछि १५ महिने बच्चाको सकुशल उद्धार



जनकपुरधाम ३० भदौ/धनुषाको बिदेह नगरपालिकाबाट करिब दुई साताअघि अपहरणमा परेका १५ महिने बालकको प्रहरीले सकुशल उद्धार गरेको छ ।

यही भदौ १८ गते अपहरणमा परेका धनुषाको बिदेह नगरपालिका( ६ कमलेश महतोको १५ महिने छोरा सिद्धान्त महतोलाई गए राति सोही नगरपालिका( १ स्थित दशगज्जा क्षेत्रबाट सकुशल उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले पत्रकार सम्मेलनमार्फत जानकारी दिएको हो ।

बच्चालाई छाडेर भाग्दै गरेको अवस्थामा धनुषाको कमला नगरपालिका( ९ पुनितादेवी पासवानलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताउनुभयो ।

बच्चा अपहरणमा परेको सूचना पाए लगत्तैबाट तालिम प्राप्त कुकुरसहित प्रहरीको टोलीले खोजतलाश अनुसन्धान गर्दै जाँदा बच्चा राखेको ठाउँमा प्रहरी पुगेपछि बच्चालाई छोडेर भाग्न खोज्दा ती महिलालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

सकुशल उद्धार गरिएका बच्चालाई अभिभावकको जिम्मा लगाइएको छ भने पक्राउ परेकी महिलामाथि अपहरण, शरीर बन्धक, मानव बेचबिखन तथा ओसारपोसारसम्बन्धी अभियोगमा मुद्दा दर्ता गराइ थप अनुसन्धान भइरहेको जानकारी दिइएको छ ।

# धनुषामा एक महिलाको हत्या, श्रीमान पक्राउ

जनकपुरधाम, ३० भदौ/धनुषाको ढल्केवरमा सोमबार राति एक महिलाको हत्या भएको छ । मिथिला नगरपालिका( ७ की २७ वर्षीया पुनितदेवी महतोको हत्या भएको हो । सोमबार राति करिब ११ बजेतिर उनको शव घरमा फेला परेको इलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ । त्यहाँ उनको घाँटीमा डाम देखिएको छ ।

घटनालगत्तै प्रहरीले श्रीमान् ३४ वर्षीय श्रीमान श्रवणकुमार महतोलाई पक्राउ गरेको छ । प्रारम्भिक सोधपुछका क्रममा श्रवणले विवाद हुँदा आफूले श्रीमतीको घाँटी थिचेर हत्या गरेको स्वीकार गरेको प्रहरीले जनाएको छ ।

शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# सिराहामा मोटरसाइकलको ठक्करबाट चार वर्षीय बालकको मृत्यु

सिराहा, ३० भदौ/सिराहाको गोलबजार नगरपालिका( १३ मा मोटरसाइकलको ठक्करबाट चार वर्षीय बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय रामदयाल यादवका चार वर्षीय छोरा आयान्स कुमार यादव रहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार बालक मंगलबार बिहान आफ्नै घरअगाडि खेलिरहेको अवस्थामा नम्बर नखुलेको मोटरसाइकलले ठक्कर दिएको थियो । दुर्घटनामा गम्भीर घाइते भएका बालकलाई उपचारका लागि

बाँकी तेश्रो पेजमा




## श्री बकैया नागमणी सामुदायिक वन उपभोक्ता समूह,
## निजगढ न.पा.- ८, बारा

## काठ लिलाम बिक्रीसम्बन्धी १५ दिने सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०५/३१

यस बकैया नागमाणि सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रभित्र पर्ने काठमाण्डौ तराई मधेश दूतमार्ग निर्माण आयोजनाको ROW मा परेका रुखहरु आ.व. २०७९/०८०, ०८०/०८१ र ०८१/०८२ कटानबाट उत्पादन भई समूहको घाटगद्दी स्थानमा विभिन्न लट बनाई राखिएको साल, अस्ना, जामून लगायत अन्य जातका गोलिया धान- ६४४ को ४५६३.८२ क्यू. फि. गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ ।

प्रचलित कानून बमोजिम उद्योग दर्ता तथा नवीकरण भएको वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत तथा अध्यावधिक भएको उद्योग तथा फर्महरुले यो सूचना प्रकाशित मितिले १५ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

यससम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क गर्न सकिनेछ । साथै, पूर्ण व्यहोराको सूचना समूहको कार्यालय र डिभिजन वन कायर्यालय, बाराको सूचना पाटीमा टाँस गरिएको छ ।

**सम्पर्क : ९८५५०१२९५४ (अध्यक्ष), ९८६५३३२४00 (डिभिजन वन कार्यालय, बारा)**

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.ली., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने,, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा .ली. बिरगंज ,पर्सा ०५१-५९१८७३